がいこくじんよう
外国人用パンフレット

KAWASAKI CITY

# ग्यारेन्टर वा आपतकालिन सम्पर्क ब्यक्ति नपाएर निजी भाडाका कोठाहरु लिन नपाएका ब्यक्तिहरुको लागी

川崎市

## कावासाकी सिटि कोठा भाडा सहयोग प्रणाली बारे जानकारी

आपार्टमेन्ट लगाएत कोठा भाडामा लिने बेला, महिनाको कोठा भाडा तिर्न सक्ने भए पनि, ग्यारेन्टर वा आपतकालिन सम्पर्क ब्यक्ति नपाएर कोठा भाडामा लिन नपाएका ब्यक्तिहरुको लागी, तल उल्लेखित सहयोग गरेर कोठामा बस्ने अवसर जुटएर स्थिर रुपमा बसोबास गर्ने उदेश्यको प्रणाली हो।

- कावासाकी सिटिले तोकेको ग्यारेन्टि दिने कम्पनीले, कोठा भाडा तिर्न नसकेको अवस्था, कोठा लिँदाको जस्तै अवस्थामा कोठा छोड्दा नगरेको अवस्था र सामान छोडेर गएको बेला ति सामानहरु फ्याल्न लाग्ने खर्चहरुको ग्यारेन्टी दिनेछ।
- कावासाकी सिटि तथा सहयोगी संस्थाहरुले, भाषा नजानेर हुने समस्याहरु आइपरेमा अनुवादक पठाउने वा रेखदेख गरिदिनेछन्।

**लक्षित समुह**

(१) नगर भित्र ठेगाना भएको निबासी पत्र वा जाइरिउ कार्ड, बिशेष पिआर प्रमाणपत्र पेश गर्न सक्ने ब्यक्ति
(२) नगर भित्र रहेको कम्पनीमा कार्यरत ब्यक्ति
(३) नगर भित्र रहेको बिधालयमा अध्यनरत ब्यक्ति

त्यस बाहेक, बृद्ध, अपाङगता भएको लगाएत हरुलाई पनि लक्षित गरिएको छ।

**त्यस बाहेकको शर्तहरु**

◎ तलब, पेन्सन लगाएत स्थिर रुपमा आम्दानी भएको अथवा जीवन निर्वाह गर्न सकरकारले दिने सहयोग रकमले कोठा भाडा तिर्न सक्ने ब्यक्ति

◎आत्मा निर्भरताको साथ जीवनयापन गर्न सक्ने ब्यक्ति

◎जापानमा बस्ने आफन्त आदि आपतकालमा सम्पर्क गर्न सक्ने कोहि ※ भएको ब्यक्ति

※संयुक्त ग्यारेन्टि भन्दा फरक, संयुक्त रुपमा आर्थिक जिम्मेवारी बहन गर्नु पर्दैन। स्मरण रहोस, आफैले आपतकालिन सम्पर्क ब्यक्ति खोज्दा पनि नपाएको ब्यक्तिले अग्रिम रुपमा कावासाकि सिटिमा सम्पर्क गर्नुहोला।

**प्रयोगकर्ताले बेहोर्नु पर्ने रकम**

◎महिनाको भाडा रकममा अन्य लाग्ने मासिक खर्च जोडेर त्यसको ३५% रकम （तथापी,कम्तिमा लाग्ने ग्यारेन्टि रकम तोकिएको छ） २ बर्षको ग्यारेन्टी बसेको खर्चको रुपमा शुरुमा बस्दा वा नविकरण गर्ने बेला तिर्नु पर्नेहुन्छ।

◎२ बर्षको बिशेष अनुबन्धन सहितको आगलागी बीमामा पस्नु पर्ने हुन्छ।

「घर भाडामा लिनेको जीम्मा को अधीकतम रकम」 १,००० मान येन भन्दा बढि

「ब्यक्तिको जीम्माको अधीकतम रकम」 १,००० मान येन

**ग्यारेन्टि कम्पनीले गर्ने कुराहरु**

कोठा भाडा तिर्न नसकेको अवस्थामा, साधारणतया तलको (१), (२) ग्यारेन्टि कम्पनीले शुरुमा तिरिराख्छ।
(१) नतिरेको कोठा भाडा र ढिला भएबापत तिर्नु पर्ने पेनाल्टि रकम
(कोठा भाडा तथा अन्य खर्चको ७ महिना अधीकतम सम्म)
(२ ) कोठा छोड्दा लिँदाको जस्तै नगरेको अवस्था र सामान छोडेमा ति सामानहरु फ्याल्न लाग्ने खर्च
कोठा भाडा तथा अन्य खर्चको ३ महिना (डिपोजिट लिएको बाट काट्न मिल्ने जति) अधीकतम सम्म।
※ पछी प्रयोगकर्ताले, ग्यारेन्टी कम्पनीले तिरिदिएको भाडा रकम, कम्पनीलाइ तिर्नु पर्नेछ।

**भाडाका कोठाहरु कसरी खोज्ने**

यि कोठाहरु, 「सहयोगी रियल स्टेट」 मा दर्ता भएका रियल स्टेटले सञ्चालन गरेका भाडाका कोठाहरु हुन्। कावासाकी सिटि निवास सञ्चालन प्राधिकरण तथा नगर प्रवर्धन महाशाखाको निवास व्यवस्थापन शाखाको सहकार्यमा सहयोगी रियल स्टेटको सूची तयार पारी बितरण गरिएको छ। त्यसमा आफैले सहयोगी रियल स्टेट खोज्नुहोला।

**सम्पर्क**

◎कावासाकी सिटि निवास सञ्चालन प्राधिकरण
फोन ०४४-२४४-७५९०
फ्याक्स ०४४–२४४–७५०९
〒२१०–०००६कावासाकीसि कावासाकी इसागो१–२–४
कावासाकी इसागो बिरु

◎नगर प्रवर्धन महाशाखाको निवास व्यवस्थापन शाखा
फोन ०४४-२००-२९९७
फ्याक्स ०४४–२००–३९७०
〒२१०–८५७७कावासाकीसि कावासाकी मियामोतोच्यो१ बान्ची

**त्यसबाहेक अन्य परामर्स गर्न परेमा**

खावासाकी अन्तर्राष्ट्रिय केन्द्रले बिदेशी नागरीकहरुको लागी हरेक दिन दैनिक जीवनमा आइपर्ने समस्याहरु बारे निशुल्क परामर्स सेवा दिने गरेको छ।

फोन ०४४-४३५-७००० फ्याक्स ०४४-४३५-७०१०
〒२११-००३३ कावासाकी सिटि नाकाहाराकु किजुकिगिओन च्यो २-२

**कानागावा बिदेशी आवास सहयोग केन्द्र**

「अपार्ट वा मान्सन बिदेशी भनेर भाडामा नदिने」 「कसरी कोठा खोज्दा हुन्छ थाहा छैन」 「ग्यारेन्टर छैन」 आदि आवास सम्बन्धि परामर्स गर्न सकिन्छ।

फोन ०४५-२२८-१७५२ फ्याक्स ०४५-२२८-१७६८
〒२३१-८४५८ योकोहामा सिटि नाकाकु तोकिवा च्यो१-७ योकोहामाＹＭＣＡ२ तला